# विराटनगर महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

प्रथम पटक सूचना  प्रकाशन मितिः २०७६/७/२१

### नगर प्रहरी सेवा करारमा लिने सम्वन्धी सूचना

विराटनगर महानगरपालिकामा रिक्त रहेका देहाय अनुसारका नगर प्रहरीका पदहरुले उपलव्ध गराउने सेवा अर्को व्यवस्था नभएसम्म खुला प्रतिस्पर्धाद्वारा करार सेवाबाट पूर्ती गर्न आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक फाराम भरी उम्मेद्वार स्वंयम उपस्थित भई नगर कार्यापालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. माग पद, संख्या र योग्यता सम्वन्धी विवरणः

| वि.नं | पद | तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | अनुभव | उमेर |
|---|---|---|---|---|---|---|
| ०१ | नगर प्रहरी जवान | श्रेणीविहिन | १२ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १० कक्षा वा सो सरह उत्तीर्ण | - | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको। |
| ०२ | नगर प्रहरी हवल्दार | तृतीय तह | ३ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE वा सो सरह उत्तीर्ण | सुरक्षा निकायको समान पदमा वा सो सरहको पद वा सो भन्दा तल्लो पदमा कम्तिमा ५ वर्ष सेवा गरेको। | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको। |
| ०३ | नगर प्रहरी सहायक निरीक्षक | सहायक स्तर चौथो तह | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा १२ कक्षा वा सो सरह उत्तीर्ण | सुरक्षा निकायको समान पदमा कार्यरत वा सो भन्दा तल्लो पदमा कम्तिमा ५ वर्ष सेवा गरेको । | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको। |
| ०३ | नगर प्रहरी नायव निरीक्षक | सहायक स्तर पाचौं तह | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा १२ कक्षा वा सो सरह उत्तीर्ण | सुरक्षा निकायको समान पदमा कार्यरत वा सो भन्दा तल्लो पदमा कम्तिमा ५ वर्ष सेवा गरेको । | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको। |
| ०४ | नगर प्रहरी निरीक्षक | अधिकृत स्तर छैठौं तह | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण | सुरक्षा निकायमा निरीक्षक वा सो सरहको पद वा नायव निरीक्षक वा सो सरह पदमा कम्तिमा ५ वर्ष सेवा गरेको। | २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको । |

नोटः विज्ञापन नं. ०१ मा ३ पद महिलाको लागि मात्र आरक्षित गरिएको छ ।

एकदेव अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ नेपाल

Scanned with CamScanner

२. **दरखास्त फाराम पेश गर्ने अन्तिम मितिः** २०७६/०८/०५ गते सम्म र सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्रमा।

३. **दरखास्त फाराम पाईने स्थान र फाराम पेश गर्ने निकायः** विराटनगर महानगरपालिका कार्यालय ।

४. **दरखास्त फाराम दस्तुरः** नगर निरीक्षक अधिकृत छैठौं तहका लागि रु. १०००/-, प्रहरी सहायक निरीक्षकका लागि रु.७००/- नगर प्रहरी हवल्दार तृतीय तहका लागि रु.५००/- र श्रेणी विहिन नगर प्रहरी जवानका लागि रु.३००/- विराटनगर महानगरपालिकाको कृषि विकास बैंकको च.हि.नं ०६०१६०११४५९७३०४० मा रकम जम्मा गरेको सक्कलै भौचर दरखास्त फाराम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

५. आवश्यक कागजातहरुः

क.नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ख. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु

ग. सम्वन्धीत निकायले प्रमाणित गरिदिएको अनुभव सम्वन्धी विवरण/ प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु

घ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताकव प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ङ. सम्वन्धित ईलाका वा वडा प्रहरी कार्यालयबाट हालसालै जारी भएको चारिरत्रिक प्रमाणपत्र ।

६. **अन्य शर्तहरुः**

क पुरुषको हकमा घटिमा उचाई ५ फिट ३ ईन्च छाति ३१-३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटिमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ख.आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

ग.कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

७. आवश्यक न्यूनतम योग्यता, परीक्षा विधि/परीक्षा कार्यक्रम र अन्य विस्तृत विवरण बुझ्नु परेमा कार्यालयको website- biratnagarmun.gov.np तथा कार्यालयको सूचना पाटी वा प्रशासन महाशाखा मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

८. सम्पर्क मिति : आवेदकहरुले परिक्षा सम्वन्धि जानकारीका लागि मिति २०७६/०८/०८ मा २.०० बजे प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत